रुपनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी
मधेश प्रदेश नेपाल

031-450035
031-450086

प.सं. ०७९।०८०
च.नं. ५४३

मिति:-२०७९।०९।१५

विषय :- सूचना प्रवाह सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै
रुपनी गाउँपालिका,सप्तरी

उपरोक्त सम्वन्धमा रुपनी गाउँपालिकाको कृषि शाखाको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको पकेट कार्यक्रमको प्रस्ताव तथा निवेदन अव्हानको सूचना रहेको हुँदा सो को लागी पठाएको सूचनालाई आ-आफना वडाभित्र रहेका सम्पूर्ण कृषक समुह/कृषि सहकारी/कृषि फर्म सम्म सूचना सम्प्रेषणको लागि सूचना टाँस गरि सो को जानकारी पठाई दिनु हुन अनुरोध छ ।

..........................
अरविन्द कुमार चौधरी
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# प्रस्ताव तथा निवेदन आव्हानको सूचना

सूचना प्रकाशित मिति २०७९।०९।५

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको ४ वटा संभागहरु मध्ये कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार काठमाडौंको शसंत अनुदान कार्यक्रम अन्तर्गत रुपनी गाउँपालिकाको कार्यालय रुपनी,सप्तरी मार्फत संचालन हुने व्यवसायिक कृषि उत्पादन केन्द्र ( पकेट ) विकास कार्यक्रम संचालन गर्न ईच्छुक कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी,फर्मले देहायका पुर्वाधार भएको/हुन सक्ने शर्तमा यस गाउँपालिकाको पकेट कायम गरी नयाँ धान वाली हकमा २० हेक्टर क्षेत्रफलमा एउटै कोरीडोरमा चक्लाबन्दीमा रहने गरी तपसिल बमोजिमका संग्लन राखी २१ दिन भित्र (मिति २०७९।०९।७ देखी २०७९।०९।२७ गते सम्म) प्रस्ताव तथा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

शर्तहरु

१. सडकको पहुँच भएको वा हुन सक्ने। २. सिंचाईको उपलब्धता भएको वा हुन सक्ने।
३. विद्युतको उपलब्धता भएको वा हुन सक्ने।
४. तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको हुन सक्ने वा एउटै कोरिडोरमा रहेको।
५. वित्तिय संस्थाहरको पहुँच भएको वा हुन सक्ने।
६. स्थानिय निकायको कृषि विकास शाखा संगको पहुँच भएको।

तपसिल

१. अनुसूची १० बमोजिमको आवेदन फारम रु.१० को टिकट टाँसी रितपूर्वक भरेको तथ्यांक र प्रस्तावना सहितको निवेदन।
२. गाउँपालिकाको राजस्व शाखामा जम्मा गरेको रु.३००।- को रसिद।
३. सम्बन्धित निकायमा दर्ता भएको कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी,फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
४. आफुले संचालन गर्ने धान वाली एकिन गरी कस-कसले कुन खेती गरिने सो को संस्थाको निर्णय सहित पेश गर्नु पर्ने छ।
५. फर्म/सहकारीको हकमा PAN NO. सहित २०७८।०७९ को अडिट प्रतिवेदन र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि।
६. कार्यक्रम संचालन हुने स्थानको (जग्गा जमिन)स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा २० बर्षको सम्झौतानामा वा बल्कको वा सार्वजनिक जग्गा भएमा सम्बन्धित स्थानिय निकायको कम्तीमा २० वर्षको लागी पकेट संचालन गर्न दिएको सहमति पत्र संस्थाका सदस्यहरुले पेश गर्नु पर्ने छ।
७. स्थानिय निकायको सम्बन्धित वडाको सिफारिस पत्र।
८. निवेदक सहित संस्थाको सवै सदस्यहरुको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
९. एउटै समुह/सहकारी फर्म संस्थासंग उल्लेखित क्षेत्रफलमा जग्गा नभए अन्य समुह/सहकारीसंग मिली सहमती गरी एउटै कोरीडोरमा पकेट कार्यक्रमको लागी अलग अलग पेश गर्न सकिने छ।
१०. व्यावसायिक कृषि उत्पादन केन्द्र( पकेट )स्वीकृत गर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस गाउँपालिकाको पकेट संचालन प्राविधिक समितिमा सुरक्षित रहने छ।
११. संस्था छनोट भई सके पछि कृषि शाखा कर्मचारीको रोहवरमा संस्थाका सबै सदस्यहरु उपस्थिती भई संचालकसमिति गठन गर्नेपर्ने छ।
१२. पकेट संचालन सम्बन्धि नयाँ कार्यविधि २०७७ अनुसार गत विगतमा अनुदान लिइसकेको पुराना बल्क/पकेटहरु भाग लिन पाउने छैन।
१३. स्थानिय वा अन्य कुनै निकायबाट पकेट,बल्क,चकलाबन्दी खेती वा जोन संचालन गरेको कृषक समुह/सहकारी वा अन्य कुनै संस्थाले आवेदन दिन पाउने छैन।
१४. आवेदन साथ पेश गरेका सम्पूर्ण कागजातहरुको सक्कल प्रमाण कार्यालयमा आवश्यक परेमा देखाउनु पर्ने छ।

नोट :- प्रस्तावनाको निवेदन फारम निवेदन दस्तुरको राजस्व तिरी सकेपछि कृषि शाखाबाट उपलब्ध हुने छ।

प्रमुख प्रशासकीय अधिकृत